
# बालबालिका सवारी साधनमा यात्रा गर्दा रेस्ट्रेइन्ट प्रयोग गर्नेसम्बन्धी ओरेगन राज्यको कानून

## बाल यात्रुले रेस्ट्रेइन्ट (बाँध्ने कुरा) लगाउनु विकल्प मात्र नभएर कानूनी आवश्यकता हो!

बालबालिकाहरूलाई वयस्कले प्रयोग गर्ने सिटबेल्ट राम्रोसँग फिट नहुञ्जेल उनीहरू सवारी साधनमा यात्रा गर्दाको बखत उनीहरूलाई बच्चाको उचित रेस्ट्रेइन्ट प्रणालीले बाँधेको हुनुपर्छ। बच्चाको उचित रेस्ट्रेइन्ट प्रणाली भनेको बच्चाको साइज र तौलअनुसार मेल खाने उत्पादकद्वारा सिफारिस गरिएको रेस्ट्रेइन्ट हो।




प्रत्येक सिटको प्रकारका लागि सिफारिस गरिएका उमेरका दायराहरू बच्चाको विकास, वृद्धि र कार सिट तथा बुस्टर सिटहरूको उचाई/तौलका सीमाहरूका कारणले भिन्न-भिन्न हुन सक्छन्। स्थापना कसरी गर्ने र सिटको उचाई/तौलका सीमा र सिटको उपयुक्त प्रयोगका सम्बन्धमा जाँच गर्न कार सिट वा बुस्टर सिटबारे मालिकको म्यानुअल प्रयोग गर्नुहोस्। यदि बच्चा आठ वर्ष वा सोभन्दा कम उमेरको र 4’9” अग्लो भएमा ओरेगन कानूनअनुसार तपाईंले बच्चाको रेस्ट्रेइन्ट प्रणाली प्रयोग गरिरहन पर्ने हुन्छ।

### पछाडि-फर्केको कार सिट

**जन्मदेखि 2 वर्षको उमेरसम्म**

बच्चाको उमेर 2 वर्ष नहुञ्जेल वा उनीहरू कार सिटको भन्दा माथिल्लो तौल वा उचाईको सीमामा नपुगुञ्जेलसम्म उनीहरू हार्नेस प्रयोग गरी पछिल्तिरको पछाडि फर्केको सिटमा बसी यात्रा गर्नुपर्छ। (पछाडि फर्केको र अगाडि फर्केको दुवै सिटका लागि परिवर्तन गर्न सकिने सिटहरू प्रयोग गर्न सकिन्छ।)

**पछाडि-फर्केको हार्नेसको स्थिति**

- हार्नेस काँधहरूमा वा काँधहरूको तल स्ट्र्याप गरिन्छ (बाँधिन्छ)।
- हार्नेसको क्लिप छातीदेखि काखी मुनी हुनुपर्छ।

**स्थापना**

पछाडि फर्केको कार सिट सवारी साधनको सिट बेल्ट वा तल्ला एङ्करहरूमा सवारी साधनमा बाँधिएको हुनुपर्छ।

राम्रोसँग स्थापना गरिएका कार सिटहरू यताउता र अगाडि-पछाडि एक इन्चभन्दा बढी सर्नु हुँदैन।

**पछाडि फर्केको कार सिट कहिल्यै पनि सक्रिय एयरब्यागको अगाडि नराख्नुहोस्।**

### अगाडि फर्केको कार सिट

**2 वर्षको उमेर र 40 पाउण्ड तौलसम्म**

बच्चा पछाडि फर्केको कार सिटमा बस्ने उमेर बढ्दै जाँदा उनीहरूको तौल 40 पाउण्ड तौल नहुञ्जेल वा उनीहरू आफ्नो अगाडि फर्केको कार सिटका लागि उचाइ वा तौलको माथिल्लो सीमामा नपुगुञ्जेलसम्म हार्नेससहितको अगाडि फर्केको कार सिटको पछाडिको सिटमा यात्रा गर्नुपर्छ। (पछाडि फर्केको र अगाडि फर्केको दुवै सिटका लागि परिवर्तन गर्न सकिने सिटहरू प्रयोग गर्न सकिन्छ। संयोजनसहितका सिटहरू भनेका हार्नेस र बुस्टरसहितको अगाडि फर्केको संयोजन हो।)

**अगाडिको-फर्केको हार्नेसको स्थिति**

- हार्नेस स्ट्र्याप काँधहरूमा वा काँधहरूको माथि हुन्छ।
- हार्नेसको क्लिप काँधदेखि मुनी पाखुराको बीचमा हुनुपर्छ।

**स्थापना**

अगाडि फर्केका सिटहरू सवारी साधनमा सवारी साधनको सिट बेल्ट र टेथर (यदि उपलब्ध छ भने) बाँधिएको **वा** तल्ला एङ्कर र टेथरले बाँधिएको हुनुपर्छ।

राम्रोसँग स्थापना गरिएका कार सिटहरू यताउता र अगाडि-पछाडि एक इन्चभन्दा बढी सर्नु हुँदैन।

### बुस्टर सिट

**4 वर्षदेखि कम्तीमा 8 वर्षको उमेरसम्म**

बालबालिकाहरूलाई कार सिटको उत्पादकद्वारा अनुमति दिइएको माथिल्लो तौल वा उचाईमा नपुगुञ्जेलसम्म हार्नेससहितको कार सिटमा प्रयोग गरी पछाडिको सिटमा यात्रा गर्न सिफारिस गरिन्छ।

बच्चा हार्नेससहितको अगाडि फर्केको कार सिटमा बस्ने उमेर बढ्दै जाँदा उनीहरू अझै पनि सवारी साधनको पछाडिको सिटमै बुस्टर सिटमा बसालेर यात्रा गर्ने समय आएको मानिन्छ। (संयोजनसहितका सिटहरू भनेका हार्नेस र बुस्टरसहितको अगाडि फर्केको संयोजन हो)

**बुस्टर सिट बेल्टको स्थिति:**

- काँधको बेल्ट घाँटी र अनुहारमा नभएर काँध र छाती वरपर कसिलो गरी बसेको हुनुपर्छ।
- ल्याप बेल्ट माथिल्लो तिघ्राहरूमा (पेटमा होइन) बसेको हुनुपर्छ।

**स्थापना**

बुस्टर सिटहरूमा बच्चालाई बाँध्न सिट बेल्ट प्रयोग गरिन्छ र बच्चाको घाँटी र अनुहारमा बेल्ट नपार्न मद्दत गरिएको हुन्छ र यसबाट ल्याप बेल्ट बच्चाको पेटमा नपर्ने गरी बाँध्न मद्दत पुग्ने गरी तयार गरिएको हुन्छ।

### सिट बेल्ट

**8 वर्षभन्दा धेरै उमेर**

तपाईंको सवारी साधनको सुरक्षा बेल्ट बालबालिकाहरूलाई नभएर वयस्कहरूलाई फिट हुने गरी डिजाइन गरिएको हुन्छ। बालबालिकाहरूको वृद्धि भिन्न-भिन्न दरले हुने भएकाले उनीहरूको उमेर 8 वर्षदेखि 12 वर्षभन्दा बढी हुँदा पनि बुस्टर सिट आवश्यक पर्न सक्छ। ओरेगन कानूनका अनुसार वयस्कको सिटबेल्ट राम्रोसँग फिट भएको हुनुपर्छ।

**निम्न अवस्थामा सिट बेल्टहरू राम्रोसँग फिट भएको मानिन्छ:**

- ल्याप बेल्ट माथिल्लो तिघ्राहरूमा (पेटमा होइन) बसेको हुनुपर्छ।
- काँधको बेल्ट घाँटी र अनुहारमा नभएर काँध र छाती वरपर कसिलो गरी बसेको हुनुपर्छ।
- बालबालिकाहरू आफ्नो ढाड सवारीको सिटमा पर्नेगरी आड लिएको अवस्थामा पछाडिको सिटको किनारामा आफ्ना घुँडाहरू आरामदायी रूपमा खुम्च्याउन सक्नेगरी अग्लो भएको हुनुपर्छ।

13 वर्षभन्दा कम उमेरका सबै बालबालिकाहरूलाई पछाडिको सिटमा राम्रोसँग रेस्ट्रेइन्ट गरी यात्रा गर्न जोडदार रूपमा सिफारिस गरिन्छ।

**अगाडिको सिटमा**, चालक र प्रत्येक यात्रुले एक जनाले एउटा बेल्टका रूपमा सिट बेल्ट लगाएको हुनुपर्छ। चालक र अगाडिको सिटका 16 वर्ष वा सोभन्दा बढी उमेरका यात्रुहरूले सिट बेल्ट नलगाइकन यात्रा गरेको पाइएमा हरेकलाई $115 सम्म जरिवाना लगाइन सक्ने छ।

STATE OF OREGON
THE UNION
1859

उमेर वा सिटको अवस्था जे भएता पनि **हरेक व्यक्तिले** सुरक्षा रेस्ट्रेइन्टले आफूलाई बाँधेको हुनुपर्छ। 16 वर्षभन्दा कम उमेरका हरेक यात्रुले सिट बेल्ट लगाएको हुनुपर्छ वा उचित बाल सुरक्षा रेस्ट्रेइन्ट प्रणाली प्रयोग गर्नुपर्छ। 16 वर्षभन्दा कम उमेरका यात्रुले कानून पालना गरेका छन् भन्ने कुरा चालकले सुनिश्चित गर्नुपर्छ। त्यसो नगरेमा चालकलाई $115 सम्म जरिवाना लगाइन सक्छ।


04/2021

बाल यात्रुको सुरक्षासम्बन्धी सिफारिसहरू: अमेरिकन एकेडेमी अफ पेडिएट्रिक्स, नेस्नल हाइवे ट्राफिक सेफ्टी एड्मिनिस्ट्रेसन (NHTSA) र OHSU डोर्नबेचर सेफ्टी सेन्टर। ग्राफिक डिजाइन NHTSA र शरणार्थीहरूका लागि मोहाक भ्याली रिसोर्स सेन्टरबाट लिइएको हो।